नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६१२ मिति :- २०७०/११/२१

इजाजतपत्र प्राप्त सम्पूर्ण विप्रेषण कम्पनीहरु ।

बिषय : **Prepaid Remittance Card** जारी गर्ने सम्वन्धमा ।

महाशय,

विप्रेषण कारोवार गर्न इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीहरुले विदेशमा विप्रेषण वापत संकलन गरेको रकम विप्रेषण पठाउनेको परिवारले सहज, सुरक्षित र व्यवस्थित तवरले भुक्तानी पाउने प्रयोजनको लागि सम्वन्धित व्यक्तिहरुले प्राप्त गर्ने नेपाली रुपैयाँमा हुने रकम बराबरको **Prepaid Remittance Card** देहाय बमोजमको प्रकृया र व्यवस्था पालना गरी जारी गर्न सक्ने व्यवस्था गरिएको हुंदा सोही बमोजिम गर्नु र गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. यस्तो कार्ड जारी गर्ने विप्रेषण कम्पनीले आफ्नो छुट्टै कार्ड संचालन निर्देशिका बनाई यस बैंकको स्वीकृतिमा लागु गर्नु पर्नेछ ।

२. विप्रेषण कम्पनीहरुले नेपालका कुनै पनि इजाजतपत्र प्राप्त वाणिज्य बैंकसंग सम्झौता गरी सो बैंकको प्रतिनिधिको रुपमा **Prepaid Remittance Card** जारी गर्नु पर्नेछ ।

३. यसरी बैंक मार्फत जारी गरिने **Prepaid Remittance Card** जारी गर्दा बक्यौता वरावर खाम्ने रकम कुनै पनि वाणिज्य बैंकमा रहेको कम्पनीको खातामा निक्षेप राखी एयरमार्क गरेको हुनुपर्नेछ । निक्षेप जम्मा गर्ने र भुक्तानी दिने व्यबस्था सम्वन्धित बैंकले नै सम्झौतामा खुलाउनु पर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४. बैंक मार्फत जारी गरिने यस प्रकारको कार्ड जारी गर्ने विप्रेषण कम्पनी/संस्थाको न्युनतम चुक्ता पुंजी रु. १० करोड हुनु पर्नेछ ।

५. कारोवार संचालन गर्दा कार्डको सुरक्षा, भुक्तानी व्यबस्था, उत्पन्न हुने जोखिम र सोको व्यबस्थापन, ग्राहकसंगको सम्झौता, सम्पत्ती सुद्धिकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्वन्धी जारी निर्देशनको परिपालना, **ATM hold** गर्ने लगायतका सम्पूर्ण व्यबस्था विप्रेषण कम्पनीले नै मिलाउनु पर्नेछ ।

६. कार्ड जारी गर्ने सम्वन्धमा विप्रेषण कम्पनीहरुले पनि प्रचलित व्यबस्था बमोजिमका प्रकृया र प्रावधानहरु पुरा गर्नु पर्नेछ ।

७. यसरी जारी गरिएको कार्ड मार्फत हुने कारोवारको मासिक जम्मा खर्च र मौज्दातको विवरण विदेशी विनिमय व्यबस्थापन विभाग, अनुगमन शाखामा हरेक महिना व्यतित भएको एक हप्ता भित्र पेश गर्नु पर्नेछ ।

भवदीय,

(विष्णु नेपाल)
कार्यकारी निर्देशक

बोधार्थः

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
८. श्री डेभलपमेन्ट बैंकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।
९. श्री नेपाल विप्रेषण संघ, गैह्रीधारा, काठमाडौ ।